स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## सडकको संरक्षण गरौं।

**सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,**

**त्यसैले,**

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागनमा वाधा नपुऱ्याऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



अहिलेका चर्चित र्‍यापर मिस्टर डी (सन्दीप विष्ट) र टिभी रियालिटी शो “भ्वाइस अफ नेपाल”की ट्यालेन्ट नीतु पुनले आगामी फिल्म “आउट ल” को लागि सांगीतिक सहकार्य गरेका छन्। सुशिल श्रेष्ठ स्टारर फिल्मको लागि यी दुईले मौलिक गीत (ओर्जिनल साउण्ड ट्र्याक) तयार पारेका हुन्। गीतमा मिस्टर डीको र्‍याप, मेलोडी र शब्द छन्। नीतुको फिमेल भ्वाइस समावेश छ। पहिलोपटक यी दुबैले पार्श्वगायनमा डेब्यु गरेका हुन् ।

**आजको विचार...**



सहर...
*(दुई पेजमा)*

**कृष्णप्रसाद सापकोटा**

बलिउड स्टार सलमान खान इदमा रिलिज हुन लागेको फिल्म “सिकन्दर” मार्फत डेढ वर्षपछि पर्दामा देखिँदैछन् । यो फिल्म उनको करिअरका लागि निकै महत्वपूर्ण मानिएको छ ।

❑ वर्ष ३० ❑ अंक २२५ ❑ २०८१ फागुन २६ गते सोमबार 10 March 2025, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सांसदहरु भन्छन्–‘गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन’

**हाम्रा संवाददाता**

**पाल्पा, फागुन २५**/पूर्वराजा ज्ञानेन्द्र शाहले आफ्ना गतिविधिहरु बढाउन थालेपछि बल्ल सांसदहरुले मुख खोलेका छन् । आइतबारको राष्ट्रिय सभा बैठकमा बोल्ने अधिकांस सांसदहरुले पूर्वराजा र राजावादीका पछिल्लो गतिविधिप्रति आफ्ना धारणा व्यक्त गरेका हुन् ।

सांसदहरुले राजावादीहरु जति सल्बलाए पनि गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने बताए । माओवादी सांसद जगप्रसाद शर्माले राजतन्त्र अन्त्य भइसकेपछि तथाकथित प्रतिगामी शक्तिहरु अहिले राजा फर्काउने काममा लागेको भन्दै त्यो सम्भव नरहेको बताए । उनले वंश विनाश गर्नेले नै अहिले राजा फर्काउने भनेर नाटक मञ्चन गर्न नसुहाएको उल्लेख गरे । सांसद शर्माले विश्वका धेरै देशहरूमध्ये नेपालमा सबैभन्दा लामो समय लगाएर राजतन्त्रको अन्त्य गरिएको बताए । राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने भन्दै जनआन्दोलनको बलमा स्थापित वर्तमान व्यवस्थालाई सबल तुल्याउन आवश्यक रहेको बताए । उनले



केही व्यक्तिले राजालाई डोऱ्याएर नारायणहिटी लैजाने भनेर अभिव्यक्ति दिइरहेकामा आपत्ति जनाउँदै यस्ता गतिविधिप्रति सजग हुन सरकारको ध्यानाकर्षण समेत गराए । विश्वकर्माले भने, ‘गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन ।’ नेकपा एसकी सांसद जयन्तीदेवी राईले राजावादीहरू कुर्लिरहेका कारण मुलुकमा खतरा र राजनीतिक अस्थिरता पैदा भएको टिप्पणी गरेकी छिन् । उनले प्रतिगामी तत्वहरू संविधान उल्लैन गर्दै लोकतन्त्रमाथि धावा बोलिरहेकाले त्यसतर्फ सचेत हुनुपर्ने बेला आएको बताईन् । उनले भनिन्,’ हामीले मसानघाटमा पुऱ्याएको राजतन्त्र कुर्लिरहेको छ, त्यसकारण खतरा र राजनीतिक अस्थिरता पैदा भइरहेको छ ।’ नेपाली जनताको बलिदानीबाट प्राप्त व्यवस्था जोगाउन सबै एकजुट हुने समय आएको पनि उनको भनाइ छ । नेकपा माओवादी केन्द्रका सांसद सुरेश आलेमगरले पनि गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने भन्दै ख्याल गर्न सुझाए । ‘प्रतिगामी तत्वहरु सलबलाइरहेका छन् । राजतन्त्रलाई आर्यघाटमा सेलाइसकेका थियौं । तर, त्यसका भुतहरु फेरि बौरिएर आएर राजतन्त्रको कुरा गर्दैछन्’ सांसद मगरले भने । यस्तै राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पनि आइतबार एक विज्ञप्ति जारी गणतन्त्रवादीहरु एकजुट हुनुपर्ने बताएका छन् । केसीले राजावादीको सक्रियता बढेकोतर्फ सचेत हुनुपर्ने बताउँदै विभिन्न लोकतन्त्रवादी शक्तिहरू बिच कार्यगत एकता वा गठबन्धन गर्नुपर्ने बताएका छन् । उनले भनेका छन्, ‘प्रचण्डको अवसरवादी वा पदलोलुप क्रियाकलापका कारणले प्रतिगमनका विरुद्ध बनेको गठबन्धन टुट्न गएको छ र त्यसबाट पनि राजावादीलाई बल पुगेको छ । देशमा प्रतिगमनको खतरा बढेको बेलामा गणतन्त्र र धर्मनिरपेक्षता पक्षधर शक्तिको कार्यगत एकता वा गठबन्धनको आवश्यकताप्रति हामीले अहिले पनि जोड दिन्छौं ।’

## संक्षिप्त समाचार

### दुर्घटनामा काँग्रेस नेताको मृत्यु



**(रासस)**

**दमौली (तनहुँ), फागुन २५**/पृथ्वी राजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-२ नर्सरीमा मोटरसाइकल दुर्घटना हुँदा नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य बालकृष्ण पौडेलको मृत्यु भएको छ ।

पोखराबाट बेलचौतारातर्फ आउँदै गरेको ग १३ प ५०६२ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा ५२ वर्षीय पौडेलको मृत्यु भएको इलाका प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका पौडेललाई उपचरका लागि जिपी कोइराला अस्पताल पुर्याइएकामा चिकित्सकले निजलाई मृत घोषणा गरेका थिए ।

## काँग्रेसले सुरु गऱ्यो ‘मिसन रोजगारी’ अभियान



**पाल्पा, फागुन २५**/नेपाली काँग्रेसले आइतबारदेखि ‘मिसन रोजगारी’ अभियान सुरु गरेको छ । दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले ‘राजनीतिक विमर्शको केन्द्रमा रोजगार-सरकारको प्राथमिकतामा रोजगार’ भन्ने लक्ष्यका साथ ‘मिसन रोजगारी’ अभियान सुरु गरेका हुन् ।

रोजगारी सिर्जना गर्न सकिने माध्यम, क्षेत्र, नीतिगत अवस्थालगायतमा वर्षभरी नै छलफल बहस हुने उनीहरुले भनाइ छ । रोजगारी सिर्जना गर्ने उद्देश्यले यस्तो बहस गर्न लागिएको हो । एक वर्षसम्म सञ्चालन हुने यो अभियानको आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा औपचारिक सुरु गरिएको हो । बढ्दो बेरोजगारीका कारण देश छाड्ने युवा बढिरहेका बेला काँग्रेसले रोजगारीको बहस गर्न खोजेको छ । अभियानकै रूपमा एक वर्षसम्म चलाउन खोजिएको बहस दुई चरणमा सम्पन्न गरिने नेपाली कांग्रेसले जनाएको छ ।

मिसन रोजगारीको क्रममा रोजगारीका क्षेत्र र सम्भावनामाथि सबै सेक्टरसँग बहस चलाउने कांग्रेसको योजना छ । यसले समस्याको पहिचान र समाधानको उपाय खोजी गर्न सहज हुने नेपाली कांग्रेसका महामन्त्री गगन थापाको भनाइ छ । महामन्त्री थापाका अनुसार राजनीतिक छलफल, संसद् वा अन्य स्थानमा रोजगारकेन्द्रित बहस हुन नसकेका बेला कांग्रेसले मिसन रोजगारी अभियान सुरु गरेको हो ।

## विश्व शान्तिको कामना गर्दैं लुम्बिनीमा सात हजार दीप प्रज्ज्वलन

**लुम्बिनी, फागुन २५**/विश्व शान्तिको कामनासहित बुद्धजन्मस्थल लुम्बिनीमा सात हजार दीप प्रज्ज्वलन गरिएको छ । चौथौ त्रिपिटक पाठ समारोहको समापनलगत्तै केन्द्रीय नहरको मध्यभागमा अवस्थित लुम्बिनी स्क्वायरमा सात हजार दीप प्रज्ज्वलन गरिएको हो ।



धम्मकाय फाउन्डेसनले भिक्षु-भिक्षुणी, लामा गुरु, आनी, उपासक उपासिका र प्रवजित भएका पाँच सय जना अल्पकालीन भिक्षुहरूको सहभागितामा शान्ति र सौहर्दताका लागि दीप प्रज्ज्वलन गरेको थियो । नेपालको झण्डा केन्द्रभाग मानी धम्मचक्रको आकार आउने गरी गरिएको दीप प्रज्ज्वलनको अखिल नेपाल भिक्षु महासैका अध्यक्ष धम्मशोभन महास्थविरले शुभारम्भ गरेका थिए । लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामाले बुद्धजन्मस्थल लुम्बिनीमा दीप प्रज्ज्वलन गरी विश्व शान्ति र प्राणी जगतको कल्याणको कामना गर्नु आफैंमा महत्वपूर्ण भएको बताए । उनले बुद्धका उपदेशहरूलाई यस्तै आध्यात्मिक कार्यक्रमबाट विश्वभर फैलाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा थाईधम्मकायका सल्लाहकार डा.अदिसकले बुद्धको शिक्षाले विश्वबन्धुत्व र एकतालाई जोड दिएको बताउँदै दीपले आन्तरिक र बाह्य ज्ञानलाई प्रतिविम्बन गरेको बताए । यसैगरी कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रीका सल्लाहकार रोशनी गिरी, अखिल नेपाल भिक्षु महासैका सचिव भिक्षु निग्रोध महास्थविर, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. सुवर्णलाल बज्रचार्यले दीपको प्रकाशजस्तै बुद्धको उपदेशले पनि अँध्यारो चिर्दै जाने बताए ।

**सकियो त्रिपिटक पाठ**

बुद्धजन्मस्थल लुम्बिनीमा सञ्चालित चारदिने चौथो अन्तरराष्ट्रिय त्रिपिटक पाठ सकिएको छ । अखिल नेपाल भिक्षु महासैको आयोजना तथा लुम्बिनी विकास कोषसहित विभिन्न संस्थाको सहआयोजनामा लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा त्रिपिटक पाठ गरिएको हो । त्रिपिटक पाठको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले समापन गरे । समापन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बुद्धका उपदेशलाई विश्वभर फैलाउन आग्रह गरे ।

उनले बुद्धको शिक्षा र उपदेशलाई आत्मसात् गरी शान्ति, करुणा र सहअस्तित्वको भावना फैलाउन सकिने बताए । कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनी बुद्धजन्मस्थल भएकाले विश्वभरका बौद्धमार्गीहरूको आस्थाको केन्द्र भएकाले यहाँ आउदा बुद्धलाई साक्षात् भेटेजस्तो हुने बताए । कार्यक्रममा अखिल नेपाल भिक्षु महासैका अध्यक्ष भिक्षु धम्मशोभन महास्थविरले भगवान् बुद्धको उपदेश वैज्ञानिक र समयसापेक्ष रहेको बताए । उनले बुद्धका उपदेशलाई चार दिनसम्म बुद्धजन्मस्थलमा पाठ गर्दा त्यसबाट सकारात्मक ऊर्जा पैदा गरेको बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## दल सच्चिनुको विकल्प छैन

**यतिबेला राजनीतिक दलप्रति आमनागरिकको वितृष्णा पैदा भएको छ । राजनीतिक दलले लिएको नीति र देखाएको क्रियाकलापले आमनागरिकमा निराशा पक्कै छाएको छ । जसको मौका छोपेर राजावादीहरु सलबलाउन थालेका छन् । पूर्वराजा ज्ञानेन्द्र शाहले खुल्लारुपमा दलहरुलाई चुनौती दिएपछि राजावादीहरुलाई थप बल पुगेको छ । दलहरु भने एक–अर्कालाई आरोप लगाएर लोकतान्त्रिक व्यवस्थालाई नै कुरुप बनाउने खेलमा सक्रिय छन् । दल–दलबीचको लडाइको फाइदा अहिले दलीय व्यवस्था विरोधी तत्वले लिइरहेका छन् । यस्तो हुँदा समेत दलका नेताहरुमा चेत आउन नसक्नु विडम्बना हो ।**

**जनताका अधिकारका लागि लडेका दल कालान्तरसम्म सक्रिय भइरहनु पर्दछ भन्ने जनताले ठानेको पाइन्छ । त्यसैले अब ठूला दल सच्चिनै पर्दछ, नसच्चिएमा देश र जनताले सोचेकोजस्तो भविष्य शीघ्र हात पार्न सम्भव छैन भनेर चिन्ता व्यक्त गर्ने गरिएको देखिएको छ । आक्रोशमा नयाँ दल र नयाँ उम्मेदवार चयन गरे पनि भर्खरै उदाएका राजनीतिक दलमा आमनागरिक पूर्ण विश्वस्त हुन सकेको देखिँदैन तर सच्चिने भनेको के हो भन्ने प्रश्नचाहिँ व्यापक रूपमा उठेको छ ।**

**राजतन्त्र पुनर्स्थापना गर्ने आवाज सडकमै आउँदा समेत दलका नेता तथा कार्यकर्ता निरीह भएर उनीहरुको चर्तिकला हेर्नुपर्ने अवस्था सिर्जना हुनु पक्कै पनि राम्रो होइन । आज दलीय व्यवस्थाका कारण जसलाई जे मन लाग्यो त्यो बेपरबाह भन्न पाइरहेको अवस्था छ । हिजो पूर्वराजा ज्ञानेन्द्रले दलमाथि प्रतिबन्ध लगाउँदै शासन चलाउने क्रममा देखाएको व्यवहार आज पनि आम नेपाली जनताले नदेखको वा नभोगेको होइन, तर पनि अहिले राजसंस्थाको पक्षमा जनता खुल्दै जानुले अहिलेको व्यवस्था कुरुप भएको त होइन ? भन्ने प्रश्न जन्मेको छ । व्यवस्थामाथि धावा बोल्दासमेत सरकार र दलहरु चुक्क समेत बोल्न नसक्नुले प्रश्न चिन्ह खडा गरेको छ । जे भए पनि संसदीय व्यवस्थाको विकल्प राजसंस्था हुन सक्दैन । त्यसैले अहिलेको यो व्यवस्थालाई चलाउनेहरुमा देखिएको बेथिति र विसंगतिलाई कसरी हटाउन सकिन्छ भन्नेतर्फ लाग्नु उचित हुन्छ । यद्यपि दलहरुले एक अर्काको अस्तित्वमाथि प्रश्न उठाउनुभन्दा आफ्ना विगतका गल्ती सच्याएर अगाडि बढ्नुपर्छ । सुशासन दिन नसकेको कमजोरीलाई मनन गर्दै भ्रष्टाचार निर्मूल गर्न नसके पनि न्यूनीकरणको प्रयासमा नेता लागेको अनुभूति जनतालाई हुनै पर्दछ । त्यसैले अब राजनीतिक दल गम्भीर भई सच्चिनुको विकल्प छैन ।**

### Opinion @ Social Network

आफ्नो जिवनलाई अरूसँग तुलना नगर,
सूर्य र चन्द्र दुबै चम्किन्छन्, तर आ-आफ्नो समयमा ।
*(सम्झना थापाको फेसबुक स्टाटस https://www.facebook.com/thapa.samjhana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ‘सहर खायो खुद्रे भोटर आयोजनाले’



**कृष्णप्रसाद सापकोटा**

*नगर विकासका लागि एकीकृत विकास आवश्यक हुन्छ । एकीकृत रूपमा नगर विकास नगरी हेर्नलायक नगर बन्दै बन्दैन । हाम्रो छिमेकी भारतकै उदाहरण हेर्न सकिन्छ । त्यहाँको पुरानो र नयाँदिल्लीमा धेरै फरक छ । पुरानो दिल्ली भनेको बसोबास बढ्दै जाँदा आफसेआफ नगर बन्यो । त्यहाँको सहरी जीवन नै फरक छ । तर, नयाँदिल्ली भने नगर विकासको योजना सहित विकास भयो । त्यसमा खानेपानी, बिजुली, पानी, फोहोरमैला व्यवस्थापन, बोटबिरुवा, हरियाली, खेल्ने ठाउँ, अस्पताल, क्याम्पस, व्यापार क्षेत्र लगायत सबै कुराको एकीकृत विकास भएको छ ।*

नेपालमा संघीयता आइसकेपछि ७ सय ५३ वटा स्थानीय सरकार र ७ प्रदेश पनि थपिए । नेपालको संविधान २०७२ ले अनुसूची ५, ६ र ८ मा तीनै तहका सरकारको क्षेत्राधिकार छुट्याएको छ । संविधानले छुट्याए पनि कतिपय विषयवस्तु तीन तहकै सरकारको साझा विषयवस्तुका रूपमा आएका छन् ।

नगर धेरै मान्छे बस्ने ठूलो घर हो । मानव बसोबास विकाससँगै यातायात, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य लगायत सुविधा आवश्यक हुन्छ । त्यतिमात्र होइन, मानव सिर्जित फोहोरमैला व्यवस्थापन गर्नुपर्छ । त्यसकारण अरू पूर्वाधार विकास गरे जस्तो नगर विकास हुँदैन ।

नगर विकासका लागि एकीकृत विकास आवश्यक हुन्छ । एकीकृत रूपमा नगर विकास नगरी हेर्नलायक नगर बन्दै बन्दैन । हाम्रो छिमेकी भारतकै उदाहरण हेर्न सकिन्छ । त्यहाँको पुरानो र नयाँदिल्लीमा धेरै फरक छ । पुरानो दिल्ली भनेको बसोबास बढ्दै जाँदा आफसेआफ नगर बन्यो । त्यहाँको सहरी जीवन नै फरक छ । तर, नयाँदिल्ली भने नगर विकासको योजना सहित विकास भयो । त्यसमा खानेपानी, बिजुली, पानी, फोहोरमैला व्यवस्थापन, बोटबिरुवा, हरियाली, खेल्ने ठाउँ, अस्पताल, क्याम्पस, व्यापार क्षेत्र लगायत सबै कुराको एकीकृत विकास भएको छ । एउटा व्यवस्थित विकास भयो र अर्को अव्यवस्थित विकास भयो । स्थानीय सरकारले आफ्नो नगर कस्तो बनाउने भनेर परिकल्पना गर्न सक्छ । आफ्नो नगरको कुन-कुन क्षेत्रमा के-के विषय समावेश गर्ने, एकीकृत योजना कस्तो बनाउने भनेर स्थानीय सरकारले रूपरेखा कोर्न सक्छन् । साथै, उनीहरूसँग के बनाउने के नबनाउने भनेर एकीकृत सहर विकास गर्न योजना हुन आवश्यक छ । अनि, त्यही योजनाभित्र बसेर मात्रै उनीहरू अघि बढ्न सक्छन् । एकीकृत सहर विकास योजना नभई नगर विकास हुन सक्दैन र त्यो विषयमा नगरपालिकाहरू सचेत हुनुपर्छ ।

हरेक ५ वर्षमा स्थानीय सरकारको नेतृत्व फेरिने संवैधानिक व्यवस्था छ । त्यही अनुसार परिवर्तन हुने मेयरहरूले अघिल्लो कार्यकालमा भएका काम सुधार्नुपर्ने रहेछ भने सुधार गर्दै जानुपर्छ । योजना बनिसकेपछि बल्ल लगानीको कुरा आउँछ । बाटो, फोहोरमैला, ढल, दिसाजन्य लेदो पदार्थ व्यवस्थापन, कृषि बजार, नदीनाला सरसफाइ लगायत यावत विषयमा लगानी आवश्यक हुन्छ । त्यो कहाँबाट ल्याउने स्थानीय तहलाई लगानीको विषय चुनौतीपूर्ण नै हुन्छ । एकीकृत योजना बनाएर आम्दानीप्राप्त हुने खालका काम गर्नुपर्‍यो भने नगर विकास कोषले सहयोग गर्छ । ठूला सडक पूर्वाधार बनाउनु छ भने संघीय सरकारसँग माग गर्नुपर्ला । स-साना आन्तरिक सडक आफैंले बनाउन सकिएला ।

यी सबै कुरा व्यवस्थापन गर्न कसको सहयोग लिने, नेपालमा उपलब्ध स्रोत साधन प्रयोग गरेर आफ्नो नगर विकासका लागि कहाँबाट स्रोत जुटाउन सकिन्छ भन्ने कुरामा नगर प्रमुखले खोजी गर्नुपर्छ । साथै, आफ्नो योजनाभन्दा बाहिर लगानी गर्न दिनु हुँदैन। जसले जसरी लगानी गरे पनि, जे बनाए पनि हुन्छ भन्दै लगानी गर्दै जाँदा हाम्रा नगरहरू अव्यवस्थित भएका हुन् । त्यसैले व्यवस्थित नगर विकासमा पहिलो जिम्मेवार स्थानीय सरकार नै हुन्छ । त्यसपछि एकीकृत विकास योजनाभित्र बसेर नगर निर्माण आवश्यकताका आधारमा स्थानीय सरकारले मागे बमोजिम पूर्वाधार विकास गर्न प्रदेश र संघ सरकारले भूमिका खेलिदिनुपर्छ । संघ र प्रदेश सरकारले आफ्नो सुरमा स्थानीय सरकारको आवश्यकता, चाहना ख्याल नगरी लगानी गर्नु हुँदैन । आफ्नो सुरमा लगानी गर्ने हो भने प्रतिफल पाउन सकिँदैन र फलस्वरूप अव्यवस्थित सहर निर्माण हुन्छन् । योजना र आवश्यकता नहेरी बजेट विनियोजन गर्दा सहर बनाउन नसकिएका उदाहरण हामीसँगै छन् ।

सरकारले अव्यवस्थित सहरीकरण रोकथामका लागि भन्दै आर्थिक वर्ष २०६७/६८ को नीति तथा कार्यक्रममा राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्गमा १० नयाँ सहर बनाउने घोषणा गर्‍यो । त्यसयता राष्ट्रिय गौरवकै हुलाकी राजमार्गमा १० वटा तथा तराई एवं पहाडको बीच भित्री मधेसमा ५ नयाँ सहर थपिएका छन् । यसैबीच मध्यपहाडी लोकमार्गमा नयाँ सहर संख्या बढाएर १२ पुऱ्याइ देशभरि कुल २७ नयाँ सहर निर्माण घोषणा भएको छ । तर, बजेट विनियोजन र कामको अवस्था भने राजनीतिक स्वार्थमा भर पर्छ । एउटा मन्त्रीको पालामा एउटा नगर, अर्को मन्त्री हुँदा अर्को नगरमा पैसा बढी विनियोजन हुन्छ । नयाँ सहर बनाउने दायित्व एउटा मन्त्रीको मात्रै होइन, सरकारकै हो । २०६७/६८ मा पहाडको जनसंख्या तराईमा झर्न नदिने भनेर नयाँ सहर घोषणा गरिएपछि ५ वर्षमा काम सम्पन्न गर्न सकेको भए मध्यपहाडी राजमार्गले उत्पादन र रोजगारीमा नयाँ आयाम थप्ने थियो । अहिलेसम्म लगानीका लागि स्थानीय र प्रदेश सरकारको एउटै स्रोत संघीय सरकार हो । अनि, त्यही संघ सरकारले नगर विकास प्राथमिकीकरणमा भूमिका खेल्न सकेन भने हाम्रा नगरहरू कहिल्यै पनि व्यवस्थित बन्दैनन् । विडम्बना भन्नुपर्छ कुनै पनि नगरले एकीकृत विकास योजनामा आधारित भएर योजना मागेका पनि छैनन् । संघ र प्रदेश सरकारले पनि लगानी गर्ने बेला प्रस्तावकसँग योजनाविनाको आयोजनामा लगानी गर्दैनौं भनेको देखिँदैन । १२ पुस २०८० को मन्त्रिपरिषद् बठकले ‘आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०’ स्वीकृत गरेको छ ।

मापदण्डको पहिलो परिच्छेदमै ३ करोड लागत अनुमान भन्दा कमका आयोजना संघ र १ करोड रुपैयाँभन्दा थोरै लागत अनुमान भएका आयोजनामा प्रदेशले बजेट विनियोजन नगर्ने उल्लेख छ । तर, अफैंले बनाएको मापदण्ड लत्याएर सरकारले चालु आव २०८१/८२ को बजेट बनाउँदा १ लाख लागतका खुद्रे आयोजनामा पनि रकम छुट्याएको छ । अहिलेको बजेट निर्माणको विधि, प्रक्रिया र स्रोत विनियोजन हेर्दा आन्तरिक ऋण लिएर गरेको विकासको औचित्य पुष्टि हुन सक्दैन र नगरहरू पनि बन्न सक्दैनन् । सोचेको जस्तो नगरहरू विकास नहुनुमा हामी योजना बनाउँदा, बजेट विनियोजन गर्दा र कार्यान्वयमा चुकिरहेका छौं । हाम्रो बजेट व्यवस्थित नगर निर्माणतिर गएको छैन । भविष्यमा यसको नकारात्मक प्रभाव बढी हुन्छ । ठूला प्राकृतिक प्रकोप हुँदा मानवीय क्षति बेहोर्नुपर्ने हुन सक्छ । यसरी नै बस्ती विकास हुँदै जाने हो भने विकासका पूर्वाधार बिजुली, पानी, फोहोरमैला व्यवस्थापन थप चुनौतीपूर्ण हुन्छ । घरबाट निस्किएको फोहोर व्यवस्थापन गर्नतिर लागेका छैनौं । अनि बागमती, विष्णुमती दुर्घन्धित भयो भनिरहेका छौं । यो सहर नबन्दा, मान्छे नबस्दायी नदीहरू गन्हाएका थिए र ? बागमती, विष्णुमतीमा पौडी खेलेका मानिस अहिले पनि भेटिन्छन् । मानवजन्य क्रियाकलाप नियन्त्रण गर्न नसक्दाको परिणाम अहिले देखिँदै छ ।त्यसको नियन्त्रण गर्नु भनेको समस्या समाधान गर्नु हो ।

समस्या समाधान हुने पूर्वाधार नबनाइ हामीले बसोबासयोग्य नगर बनाउन सक्दैनौं । राष्ट्रिय योजना आयोगको १६औं पञ्च वर्षीय योजना बमोजिमका राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकताका आयोजना र बहुराष्ट्रिय विकास बैंकको सहयोगमा सञ्चालित आयोजनामा विनियोजन गरिने बजेटले मात्र राष्ट्र निर्माण एवं सहर निर्माणलार्य दिशानिर्देश गरेको देखिन्छ । यसको उदारहणका रूपमा विभिन्न जलविद्युत् आयोजना, सिँचाइ आयोजना, राष्ट्रिय राजमार्ग, राष्ट्रिय एवं अन्तराष्ट्रिय विमानस्थल, इटहरी, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भरतपुर, बुटवल, भैरहवा, नेपालगञ्ज र धनगढी सहर लिन सकिन्छ । संघीय सरकारको नीति तथा कार्यक्रम एवं बजेट, प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं बजेट र स्थानीय सरकारका नीति तथा कार्यक्रम एवं बजेट मूल्यांकन गरेर हेर्दा बजेटमा समावेश गरिने आधारभूत विकाससँग सम्बन्धित खुद्रे भोटर आयोजनामा (नेताहरूले भोट जम्मा गर्ने आयोजना वा भोटर खुसी पार्ने आयोजना) गरिएको राज्यको लगानी र विकासले सहरहरू थप अव्यवस्थित हुँदै गएका छन् । अहिले सार्वजनिक निकायले गरेका लगानी पूर्वाधारमा आधारित भयो । यो सहर बनाउने भनेर गरेको लगानी नै होइन । यस्तो हुनुका कारण हामी व्यस्थित लगानीको बाटोमा छिरेका छैनौं । राज्यले सहरी विकासको बाटो अंगिकार गरेको छैन, गलत बाटो हिँडेर कहाँ सहर विकास हुन्छ र ? प्रशासनिक नेतृत्वले यो विषयलाई महसुस गरे पनि कार्यान्वयन गर्न सकिरहेको छैन ।

सरकारको नीति तथा कार्यक्रम एवं बजेटमा लेखिने सहरी विकासका राम्रा नारा एवं भोटर आयोजनाले सहरहरू बसोबासयोग्य नभई कंक्रिटको जंगलमात्र बन्ने भएकाले सहर निर्माणमा गरिने लगानीलाई एकीकृत विकासको अवधारणामा व्यवस्थित गर्न आवश्यक भएकाले ‘राष्ट्रिय सहरी नीति २०८१’ बमोजिम सहरी विकास ऐन ल्याई व्यवस्थित सहर निर्माण गरौं ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मानसिक स्वास्थ्यमा सुधार हुनेछ। आर्थिक पक्ष सुदृढ हुनेछ । | **तुला** : अर्थतन्त्र सुधार हुनेछ । व्यवसायिक लाभ मिल्ने संकेत छ । |
| **वृष** : रुचिका कार्यहरूमा समय दिनुहोस्। यसले तपाईंलाई आनन्दित बनाउनेछ। | **वृश्चिक**: जीवनमा सकारात्मक परिवर्तन आउनेछ।यात्रा गर्दा सावधानी अपनाउनुहोस्। |
| **मिथुन** : आर्थिक पक्ष सामान्य रहनेछ। स्वास्थ्यमा ध्यान दिनुहोस् । | **धनु** : बुद्धिमानीपूर्वक निर्णय लिनुहोस्। आर्थिक पक्ष सबल रहनेछ । |
| **कर्कट** : दयालु स्वभावले अरुलाई खुसी बनाउनेछ । स्वास्थ्य राम्रो रहनेछ । | **मकर** : काममा सफलता मिल्नेछ । पारिवारिक सम्बन्ध बलियो रहनेछ । |
| **सिंह** : आर्थिक रूपमा लाभदायक दिन रहेको छ । स्वास्थ्यमा सुधार हुनेछ । | **कुम्भ** : योजना अनुसार कार्य गरे सफलता प्राप्त हुनेछ । काममा रुचि बढ्नेछ। |
| **कन्या** : योजनाहरू अघि बढाउन अनुकूल समय छ। कार्यक्षेत्रमा सफलता मिल्नेछ। | मीन : मानसिक शान्ति मिल्नेछ । पुराना मित्रहरूसँग भेटघाट हुनेछ । |

# शिक्षा

## डीडब्लू आईटी फेयरमा २९ कम्पनीको प्रदर्शनी

डियरवाक इन्स्टिच्युट अफ टेक्नोलोजीले विभिन्न २९ कम्पनीको सहभागितामा नेपालकै ठूलो डियरवक (डीडब्लू) आईटी फेयर २०२५ आयोजना गरेको छ ।

काठमाडौँको सिफलमा रहेको डियरवाक कलेजले आईटी अध्ययनरत विद्यार्थीलाई लक्षित गर्दै आईटी फेयरको सातौँ संस्करण आयोजना गरेको हो । फेयरमा आईटी पढेर रोजगारीको खोजीमा रहेकादेखि पढ्दै गरेका विद्यार्थीसम्म सहभागी छन् । फेयरका कार्यक्रम संयोजक श्याम सुन्दर खतिवडाले जब फेयरमार्फत रोजगारदातालाई जोड्ने काम हुने बताए । जब फेयरले आईटी क्षेत्रलाई योग्य जनशक्तिको छनोट गर्ने गरेकोसमेत उनले जानकारी दिए ।

'फेयरमा आईटीका विभिन्न २९ वटा कम्पनीहरुको सहभागिता छ, मेला विद्यार्थी र कम्पनीका लागि आफ्ना भ्याकेन्सीलाई पूरा गर्नका लागि अवसर बनेको छ' खतिवडाले भने । उनका अनुसार सन २०१६ देखि यो मेला आयोजना हुँदै आएको छ । मेलामा अवलोकनकर्ता वर्षैपिच्छे बढिरहेका छन् । गत वर्षमात्र २४ सय विद्यार्थीले मेलाको अवलोकन गरेका थिए ।

खतिवडाले मेलामा आईटी पढेका विद्यार्थीले रोजगारीका लागि आफूले जानेको योग्यताअनुसार आफ्नो बायोडाटा बुझाउन सक्ने बताए । 'यो नेपालकै ठूलो आईटी फेयर हो, यहाँ आएर आईटीका विद्यार्थीले आफूले जानेको योग्यताअनुसार आफ्नो बायोडाटा बुझाउन सक्ने छन्, त्यसपछि उनीहरु छनोटमा सहभागी हुनेछन्', खतिवडाले मेलाबारे जानकारी दिँदै भने ।

**के छ आईटीमा सम्भावना ?**

मेलामा अघिल्ला वर्ष सहभागी कम्पनी र अहिले आएका कम्पनीको उत्साहले आईटी क्षेत्रमा सम्भावना पहिले भन्दा बढ्दै गएको देखिएको खतिवडा बताउँछन् । अहिले नेपालतर्फ विदेशी आईटी कम्पनीहरुसमेत आउने क्रम बढेको उनको भनाइ छ । त्यसले पनि नेपालको आईटी क्षेत्रमा सम्भावना बढेको देखिएको उनको दाबी छ ।

यस्तै आईटी क्षेत्रका विद्यार्थीहरु विदेश गएर पनि टेक्निकल अनुभव प्राप्त गरेर नेपाल नै फर्किएको पाइएको उनले बताए । यसरी अनुभव प्राप्त व्यक्तिहरुले आईटीमार्फत आफ्नै घरमा बसेर चारपाँच लाखसम्म कमाइरहेको उनको भनाइ छ । उनले काठमाडौँ भित्रका सबै आईटी कलेजलाई मेलाका लागि निमन्त्रणा गरिएको बताए । विद्यार्थीले मेलामा आफ्नो अनुभव, प्राथमिकतासहित आफ्नो बायोडाटा लिएर आउन सक्ने उनले जानकारी दिए । 'कुन कम्पनीमा आफू योग्य छु भन्ने लाग्छ त्यही अनुसार छनोट गरेर विद्यार्थी आउन सक्नेछन्', खतिवडाले जानकारी दिँदै भने ।

डियरवाक ग्रुपका अध्यक्ष क्याम्पस प्रमुख हितेश कार्कीले २०११ मा स्थापना भएको कलेजले २०१६ मा पहिलो पटक मेला आयोजना गरेको बताए । उनले काठमाडौँमा विद्यार्थीहरु आईटीसम्बन्धी रोजगारी कहाँ कसरी पाइन्छ भन्ने जानकारी बिना नै अध्ययन गरिरहेको पाइएकाले मेलामार्फत सम्पूर्ण जानकारी दिइने गरिएको उनको भनाइ छ । 'कम्प्युटर साइन्स पढिरहेका विद्यार्थी काठमाडौँमा धेरै छन्, तर काम कसरी गर्ने भन्ने जानकारी सबैलाई छैन, सो विषयमा जानकारी दिने



उद्देश्यका साथ हामीले आईटी मेलाको शुरुआत गरेका हौँ', उनले भने।

'मैले यो टेक्नोलोजीले के पाउँछु भन्ने जानकारी मेलाबाट पाइने कार्की बताउँछन् । मेलामार्फत एउटा कम्पनीले १५-२० जनाको जनशक्ति लिइरहेको पाइएको उनले बताए। यस्तै नेपालमा आईटीको क्षेत्रमा के के काम हुँदैछ भन्ने जानकारी मेलाबाट पाइने छ । 'एआइको फाइदा लिएर आईटी क्षेत्रको जबलाई झनै परिपक्व बनाउन सहयोग पुग्ने अहिलेको अवस्था छ, एआइले जब लाने होइन, त्यसलाई प्रयोग गरेर अर्को परिपक्व काम गर्ने हो, अबको टेक्नोलोजी त्यता जाँदैछ, मेलामार्फत टेक्नोलोजीको विकसित प्रयोगको विषयमा बहस र छलफल भैरहेको छ', कार्कीले भने ।

'नेपाली विद्यार्थी बाहिर गएर पढ्छन भने नेपालमा विदेशीलाई पढ्न किन ल्याउन नसक्ने ? मेडिसिन पढ्न आउन सक्छन भने आईटी पढ्न आउन किन नसक्ने ? राज्यले त्यही अनुसार आईटी नीति बनाइदिनु पर्छ,' आईटीका क्षेत्रमा नीतिगत सुधार राज्यले नै गर्नुपर्ने औंल्याउँदै उनले अघि भने,'पढेर परीक्षा दिएपछि नतिजा आउन समय लगाउने नीतिले विदेशी विद्यार्थी ल्याउन सकिन्न, हामीसँग क्षमता छ, अनुभव छ तर राज्य पनि नितिगत तहबाट अघि बढ्नु पर्छ ।' मेलामा सहभागी कम्पनी 'मैत्री'का अभिनायक स्वाँरले मैत्रीले नेपालमा सफ्टवेयर निर्माणको काम गरिरहेको बताए । सो कम्पनीले अमेरिकामा भएको कम्पनिलाई इन्जिनियरिङ डिपार्टमेन्ट मार्फत काम गरिरहेको उनले जानकारी दिए ।

'यहाँ बसेर पनि विश्वको माग अनुसारको सफ्टवेयर बनाउन सक्ने योग्यता भएका व्यक्तिहरु नेपालमा छन, ईन्टरनेटको समयमा डाटालाइ केलाएर काम गर्न सक्ने जनशक्ति नेपालमा छ, नेपालमा मासिक चारपाँच लाख कमाइरहेका व्यक्ति धेरै छन्, आजका दिनमा यो संख्या बढ्दो छ, हामीले ती व्यक्तिलाई केन्द्रमा राखेर काम गरिरहेका छौं', उनले भने । स्वाँरले नेपालमा आईटी पढाउन सक्ने कलेज धेरै रहेको भन्दै कलेज नै नगएर पनि काम गर्न सक्ने क्षमता भएका व्यक्तिहरुले आईटीका क्षेत्रमा काम गरिरहेको बताए। विश्वमा गुगल, एप्पल लगायतका कम्पनीमा काम गरिरहेका नेपालीहरु पनि रहेको उनले जानकारी दिए । 'नेपालमा पनि अहिले सफ्टवेयर बनाउने काम बढेको छ, यहींको मार्केटमा, बैंकिक क्षेत्रमा, हेल्थ केयरमा सफ्टवेयर मार्फत काम भैरहेको छ', उनले अघि थपे । मैत्रीले डेढ बर्षदेखि नेपालमा काम गरिरहेको छ । सो कम्पनीले प्राविधिक अन्तर्वार्ता, औपचारिक अन्तर्वार्तामार्फत जनशक्ति छनोट गर्ने गरेको छ । सिफलमा रहेको डियरवाक कलेजकी निर्देशक निजु दाहालले कलेज ग्राजुएटहरु रोजगारीको अन्योलमा भएकाले राम्रो कम्पनी छनौटका लागि मेला एउटा अवसर बन्दै आइरहेको जानकारी दिइन् । सो कलेजमा मार्केटिङ इन्टर्नसिप गरिरहेकी सिएसआईटीकी विद्यार्थी एन्सा भण्डारीले विश्व नै आईटीमा अगाडि बढिरहेको भन्दै आफुले आईटी विषय रोजेको बताइन् ।

यस्तै सीएसआईटीकी अर्की विद्यार्थी सदीक्षा घिमिरेले नेपालमा मत्र नभएर विश्वको जुनसुकै कुनामा गएर पनि काम गर्न सकिन्छ भनेर आईटी विषय रोजेको बताइन् । उनी डियरवाकमा ग्रुप इन्टर्नमा प्रोजेक्ट म्यानेजरका रुपमा कार्यरत छिन् । सोही कलेजका सफ्ट्वेयर क्लब अध्यक्ष दिपन सिलवालले आईटीका विद्यार्थीहरुका लागि नेपालमा नै पर्याप्त अवसर रहेको आफूले पाएको बताए । आफ्नो सीप र योग्यताले आईटीका विद्यार्थीले नेपालमा रोजगारी पाउने सम्भावना आफुले देखेको उनले बताएका हुन् । सोही कलेजका सफ्ट्वेयर क्लबका अध्यक्ष दिपन सिलवालले आईटीका विद्यार्थीहरुका लागि नेपालमा नै पर्याप्त अवसर रहेको आफूले पाएको बताए । आफ्नो सीप र योग्यताले आईटीका विद्यार्थीले नेपालमा रोजगारी पाउने सम्भावना आफूले देखेको उनले बताएका हुन् । ***-हाम्रोकुरा डटकम***


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


## विद्यार्थीका हातमा स्मार्ट ट्याब, यसरी हुन्छ पठनपाठन

कक्षाकोठामा अत्याधुनिक प्रविधि जडान छ । विद्यार्थीका हातमा किताब, कापी, कलम होइन, स्मार्ट ट्याब छन् । यसमै विद्यार्थीहरु गुगलबाट नयाँ कुरा खोज्न र जानकारी लिइरहन व्यस्त देखिन्छन् । साना कक्षादेखि ठूला कक्षासम्मका विद्यार्थीले आफ्नो पालोअनुसार कक्षाकोठामा बसेर पढिरहेको देखिन्छ ।

आफैँ स्मार्ट ट्याब खोलेर पढ्ने सुविधा सायद नेपालमै निजी विद्यालयमा पनि कमै होला । सामुदायिक विद्यालयमा त यस्तो प्रविधि भित्रिएको नहुन पनि सक्छ । पाल्पा रामपुर नगरपालिका-५ बेभाङ बजारस्थित रामतुलसी नमुना माध्यमिक विद्यालयका विद्यार्थी हाल स्मार्ट ट्याबको माध्यमबाट अध्ययन गरिरहेका छन् । सामुदायिक विद्यालयमा यस्तो प्रविधि देख्ने जो कोहीलाई लाग्छ, विदेशका विद्यालयका कक्षाकोठामा बसेर पढेजस्तो वातावरण । सोच्दै नसोचेको प्रविधिबाट शिक्षण हुन थालेपछि यतिबेला विद्यार्थी मात्र होइन, अभिभावक, जनप्रतिनिधि, स्थानीय सबैको ध्यान विद्यालयले तानिरहेको छ ।

एउटा कक्षाकोठाभित्र विद्यार्थीका हात-हातमा स्मार्ट ट्याबमात्र नभई रेकर्डिङ स्टुडियो, कम्प्युटर, ल्यापटप, मिक्चर, माइक्रोफोन, भिडियो क्यामेराजस्ता प्रविधि जडान छ । सो प्रविधि रेडियो र टेलिभिजन, रेकर्डिङ स्टुडियोमा देखिन्छ । तर यहाँको विद्यालयमै एउटै कक्षाकोठामा अत्याधुनिक प्रविधि जडान गरेर धमाधम शिक्षण कार्य भइरहेको छ । यो कार्य देख्दा विदेशस्थित ठूलाठूला विश्वविद्यालयमा पढेजस्तो लाग्ने गर्दछ । समयानुकूल भित्रिएका प्रविधिलाई अवलम्बन गर्दै विद्यालयले अत्याधुनिक सूचना प्रविधि कक्षाकोठा (आइसिटी कक्षाकोठा) निर्माण गरेर विभिन्न उपकरण जडान गरी पठनपाठन गरिरहेको छ । विदेशमा पढाई हुने प्रविधि आफ्नै विद्यालयमा निर्माण भई पढ्न पाउनु नै हाम्रो लागि ठूलो अवसर रहेको छात्रा विविशा घिमिरे बताउँछिन् । उनी आफैँले स्मार्ट ट्याबबाट पढाइसँग सम्बन्धित नयाँ कुरा खोजेर जानकारी लिने गर्छिन् । हिजोका दिनमा फुर्सदको समय विद्यार्थीहरु एकापसमा कुराकानीमा समय बिताउने गर्थे भने अहिले खाली समय मिल्नेबित्तिकै आइसिटी कक्षाकोठामा जाने र प्रविधिमै ध्यान केन्द्रित हुन थालेको छ । साना कक्षामा पढ्नेदेखि ठूला कक्षामा पढ्ने विद्यार्थी आइसिटी कक्षामा बसेर पढ्न पाउँदा औधी हर्षित हुन्छन् । यहाँको सुविधा सम्पन्न प्रविधियुक्त कक्षाकोठाको यत्रतत्र चर्चा मात्र नभई अहिले अध्ययन अवलोकन गर्न आउनेको उपस्थिति बढ्दो छ । प्रविधिको प्रयोगले पठनपाठनमा सक्रियता बढाउने र आफूलाई दैनिक केही न केही नयाँ कुरा सिक्न र खोज्न मन लाग्ने गरेको छात्र सन्देश पोखरेलले आफ्नो अनुभव सुनाए । यही प्रविधि सिक्नका लागि बाहिर धेरै रकम खर्च गर्नुपर्छ, हाम्रो गाउँघरमा त चाहेर पनि सिक्न पाइने सुविधा छैन तर हामीले विद्यालय तहमा नै आफ्नै पढ्ने महत्वपूर्ण अवसर प्राप्त गरेको उनले बताए ।

प्रविधियुक्त शिक्षाले पठनपाठनलाई सहज मात्र नभई विद्यार्थीलाई केही न केही नयाँ कुरा सिक्न, खोज्न र जानकारी लिन अभ्यस्त बनाएको बताउँछिन्, छात्रा अनिशा श्रेष्ठ । शिक्षकले पढाउँदै गर्दा पाठसँग सम्बन्धित कुराहरु गुगलबाट खोजेर जानकारी लिने गर्दा सिकाइ छिटो बुझिने र सम्झन पनि सहज भएको अनुभूति गरेको उनले सुनाइन् ।

कतिपय विषयवस्तु सैद्धान्तिक शिक्षणले मात्रै बुझाउन नसकिने खालको हुनाले प्रयोगात्मक तरिकाबाट विद्यार्थीलाई बुझाउनुपर्ने भएकाले प्रविधिको प्रयोग गरेर शिक्षण गर्न थालेपछि विद्यार्थीले छिटो बुझ्ने र नयाँ कुरा सिक्न जागरुक हुने गरेको विज्ञान शिक्षक राजन घिमिरे बताउँछन् । पाठसँग सम्बन्धित कतिपय विषयवस्तु प्रयोगात्मक रुपमा प्रविधिको प्रयोग गरेर देखाउनुपर्ने हुँदा शिक्षण कार्यका लागि सूचना प्रविधिको प्रयोग अति अपरिहार्य रहेको उनको अनुभव छ । पूर्वबालविकास तह (मन्टेश्वरी) देखि सबै विद्यार्थीलाई प्रयोग हुने गरी कक्षा सञ्चालन गरिएको छ । कक्षा ६ देखि १० सम्मका कम्प्युटर विषय, कक्षा ९ र १० का विद्यार्थीका लागि कम्प्युटर मात्र नभई सबै विषय पठनपाठन भइरहेको छ । साना कक्षाका विद्यार्थीलाई पनि पालैपालो नयाँ प्रविधिबाट पढाउने, सिकाउने कार्य चलिरहेको छ । हाल ५० जना विद्यार्थीले एकैपटक बसेर स्मार्ट ट्याबमा पढ्न मिल्ने व्यवस्था छ । मोनिटरिङ, भिडियो क्यामेरा, पिन्टर, ल्यापटप, माइक्रोफोन, मिक्चर, रेकर्डिङ स्टुडियो, सम्पादन कक्षको छुट्टै व्यवस्था, विद्यार्थीले समूह कार्य गर्न तीनवटा प्यानलबोर्ड, एसीसहितको सुविधा सम्पन्न कक्षाकोठा पठनपाठनमा प्रयोग भइरहेको छ । शिक्षा मन्त्रालय र आइएसिई कोरियाको साझेदारीमा अत्याधुनिक सूचना प्रविधि कक्षाकोठा निर्माण गरिएको हो । सो प्रविधिसहितको कक्षाकोठा निर्माणका लागि नेपालभित्रका तीनवटा विद्यालय छनोटमध्ये रामतुलसी नमुना माविसहित बाग्लुङको ताराखोलामा अवस्थित नेपाल सेकेण्डरी विद्यालयलाई शिक्षा मन्त्रालयबाट स्वीकृत प्रदान गरेपछि नयाँ प्रविधिसहितको कक्षाकोठा निर्माण सम्पन्न गरेर प्रयोगमा ल्याइएको छ । करिब रु एक करोड ५० लाखको लागतमा तयार पारिएको विद्यालयले जनाएको छ । अघिल्लो शैक्षिक सत्रमा शुभारम्भ गरेर यस शैक्षिक सत्रबाट शिक्षण कार्यका लागि सञ्चालन भइरहेको छ । यहाँ सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिमका कार्यक्रम समेत हुने गरेका छन् ।

कक्षा शिक्षणका क्रममा शिक्षकले पढाउँदै गर्दा विद्यार्थीले तत्कालै प्रश्नको उत्तर गुगलबाट खोजेर आफै पत्ता लगाउने हुँदा उत्तर खोज्न किताबको पाना पल्टाइरहनु नपर्ने र प्रविधिको प्रयोगले पाठसँग जोडिएका नयाँ कुरा आफैँ खोजेर पत्ता लगाउन सक्ने भएको सूचना प्रविधि (आइटी) शिक्षक चन्द्रप्रकाश भट्टराईले बताए । अहिलेको २१औँ शताब्दिमा विदेशमा गएरपनि प्रतिष्पर्धा गर्न सक्ने खालको जनशक्ति उत्पादन गर्न, समयानुकूल आएका प्रविधिलाई अवलम्वन गरी विद्यार्थीको आवश्यकता पूरा गर्न विद्यालय सक्षम बनेको प्रधानाध्यापक बालकृष्ण लम्सालले बताए ।

विसं २०७४ देखि नेपाल सरकारबाट नमुना विद्यालयको रुपमा घोषणा भएको हो । उच्च शिक्षातर्फ शिक्षा, मानविकी, व्यवस्थापन, विज्ञान र प्राविधिक धारतर्फ डिप्लोमा इन एग्रीकल्चर बालीविज्ञान कक्षा सञ्चालन भइरहेको छ । आफ्नै गाउँमा बसेर प्राविधिक शिक्षा पढ्न पाउँदा विद्यार्थीलाई उच्च शिक्षाका लागि बाहिर जाने र आर्थिक भारको समस्या परेको छैन ।

हाल यहाँ नेपाली, अंग्रेजी माध्यममा कक्षा १० सम्म पठनपाठन भइरहेको छ । विद्यालयको वातावरण, अनुशासन, सामुदायिक भएपनि शिक्षामा अब्बल विद्यालय भएकाले खोजेजस्तै पठनपाठन हुने गरेकाले विद्यार्थी रामतुलसी पढ्ने भनेपछि उत्साहित हुन्छन् । सामुदायिक विद्यालयले शैक्षिक क्षेत्रमा गरेको नमुना कार्यले राम्रो शिक्षा लिन संस्थागत विद्यालय नै पढ्नुपर्छ भन्ने मानसिकता हिजोआज विद्यार्थी तथा अभिभावकमा हट्दै गएको छ । ***-रासस***


**पशुपालक कृषकहरुलाई पिपिआर रोग सम्बन्धी जानकारी**

**पिपिआर रोग र यसको उत्पत्ति**
- पिपिआर बाखामा लाग्ने घातक संक्रामक रोग हो । अफ्रिका महादेशबाट शुरु भएको यो रोग हाल विश्वका धेरै मुलुक हुदै नेपालका अधिकाश जिल्लामा फैलिसकेको छ । नेपाल सरकारले सन २०३० भित्रमा रोग उन्मुलन गर्ने लक्ष्यका साथ कार्यक्रम हरु संचालन गर्दै आइरहेको छ । यो रोग भेडाबाखामा मात्र लाग्दछ ।

**पिपिआर रोग चिन्ने तरिका**
- भेडाबाखामा कडा ज्वरो आउने, सिगान बग्ने, आँखामा च्याल काड्ने र चिप्रा (कचेरा) देखिने, पातलो दिशा गर्ने मुख तथा गिजामा पानीका फोका जस्ता घाउ आउने र पछी उक्त घाउ फुटी पाप्रा बन्ने र भेडाबाखाले दानापानी खान नसक्ने अवस्था हुन्छ ।

**पिपिआर सर्ने तरीका**
- यो रोग हावाको माध्यम संगै भेडाबाखाको प्रत्यक्ष लसपस भएको अवस्थामा, सिगान च्याल, बड्कौला, तथा भेडाबाखालाई दिने दाना पानी भाडाकुडाबाट सजिलै सर्न सक्छ ।

**पिपिआर रोगबाट बचाउने तरिका**
- पिपिआरबाट बच्न तथा बचाउनको लागी सबैभन्दा प्रभावकारी उपाय भनेको प्रत्येक पशुहरुमा फागुन चैत्र महिनामा पीपीआर विरुद्धको खोप लगाउनु पर्छ । ३ महिनाभन्दा माथी उमेर पुगेका सम्पूर्ण उमेर समुहका पशुलाई खोप लगाउन सकिन्छ ।
- एक पटक खोप लगाई सकेपछि पुन ३ बर्षसम्म उक्त पशुलाई खोप दिनु पर्दैन । सकेसम्म चरनमा नलैजाने, संक्रमण देखिएको खोरमा फर्मालिन, पोटास पानीको प्रयोग गर्ने र लक्षणको आधारमा पशुसेवाको क्षेत्रमा काम गर्ने प्राविधिकको सल्लाह र निगरानीमा उपचार गराउनु पर्दछ ।
- चाड पर्वमा, जनावरको व्यापार बढी हुने समयमा यो रोगको संक्रमण बढी फैलिन्छ । तीन महिना उमेर कटिसकेका पाठापाठीहरुलाई यो रोग लाग्दछ ।

**रोकथाम तथा नियन्त्रण**
- रोगी पशु अलग्गै छुट्याउने, चरन क्षेत्रमा रोगी भेडाबाखा नपठाउने, बाहिरबाट ल्याइएका भेडाबाखालाई तत्कालै नयाँ बथानमा नमिसाउने, २१ दिन पूर्व खोप लगाएका भेडाबाखा मात्र किन्ने गर्नुपर्दछ । नियमित आन्तरिक परजीवि औषधी खुवाउने, जनावरको आवतजावतमा रोक लगाउने, रोग लागेको ठाउँमा खोप कार्यक्रम चालु गर्नुपर्छ ।

अनुरोधक
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा**

# स्वदेश फर्काइदिन दुबईबाट रामबहादुरको गुहार

**जगदीश भट्टराई**



**गुल्मी, फागुन २५**/गुल्मीको चन्द्रकोट गाउँपालिका -५ ग्वाघाका ५१ वर्षीय रामबहादुर थापा दुबई गएको तीन महिना भयो । घर परिवारलाई सु:खका साथ राख्ने सपना बोकेर विदेशीएका उनी अहिले एक महिनादेखि विरामी छन् । फोक्सोमा समस्या देखिएपछि थापाले न, राम्रोसँग उपचार गराउन पाएका छन् नत स्वदेश नै फर्कन । पिकअप भ्यान चलाएर गुजारा नचले पछि विदेशिएका थापा अहिले अस्पतालकै बेडबाटै बचाइदिन सबैसँग गुहार मागेका छन् । उनले भनेका छन् 'म स्वदेश फर्कन चाहन्छु, यहाँ राम्रोसँग उपचार पनि पाएको छैन, कम्पनीलाई पटक-पटक भने वास्तै गर्दैन ।' थापाले नेपाल सरकारलाई समेत स्वदेश फर्काइदिन आग्रह गरेका छन् । उनले भनेका छन् 'म नेपाल आउन चाहन्छु, विन्ति छ सरकार स्वदेश फर्काइदेऊ ।'

कमाउन दुबई छिरेका श्रीमान थला परेको खबरले यता रामबहादुरकी ४५ बर्षकी श्रीमती ओमकुमारी थापा र ६९ बर्षीया आमाको दिन/रात रोएरै वितेको छ । उनीहरु आफै विरामी हुने अवस्थामा पुगेका छन् । थापाका २५ बर्षीय छोरा आशिष साउदीमा काम गर्छन् । उनी विरामी बुवालाई घर फर्काउँनका लागि मेनपावरसँग दैनिक अनुनय गरि रहेका छन् । ग्वाघा घरमा रामबहादुर कि १९ बर्षकी छोरी लीला थापा पनि चिन्तामा छन् । रामबहादुर काम गर्दा गर्दै एकाएक विरामी परेपछि जाँच गराउँदा फोक्सोमा पानी जमेको देखियो । 'कम्पनीले उपचारमा सहयोग नगरेपछि उनी नेपाल फर्कन चहान्थे तर फर्कन दिइएको छैन् । आफुलाई दुबई पठाउँने एसओएस मेनपावरका हरि शाहीसँग पटक-पटक अनुरोध गरे सुनवाई भएन' थापाले रुदै भने । चन्द्रकोट गाउँपालिकाका अध्यक्ष युवराज केसी, उपाध्यक्ष विष्णु भण्डारी, वडाअध्यक्ष कल्याण कार्की लगायतले रामबहादुरलाई देश फर्काउँन लागि परेका छन् । सबैको सहयोगमा उनलाई सकुशल देश फर्काउँनका लागि विभिन्न निकायसँग अनुरोध गरिएको वडाअध्यक्ष कार्कीले बताए । मेनपावरका प्रतिनिधी हरी शाहीले भने उनको उपचार राम्रो अस्पतालमा शुरु गरेको बताउँछन् । उनी भन्छन् 'थापाको उपचार भइरहेको छ ,हामी उहाँलाई देश फर्काउने काममा लागि रहेका छौ ।'

# महिलालाई स्वास्थ्य परामर्श तथा कानुनी शिक्षा



**पाल्पा, फागुन २५**/ जिल्लाको रामपुर नगरपालिकाले श्रमिक महिलालाई स्वास्थ्य परामर्श तथा कानुनी शिक्षा दिएको छ । नगरपालिकाले अन्तराष्ट्रिय महिला दिवसको अवसरमा निर्माण क्षेत्रमा कार्यरत तथा अन्य पेशा र व्यवसायमा सक्रिय श्रमिक महिलाहरुलाई परामर्श तथा कानुनी शिक्षा दिएको हो ।

नगरपालिकाले अगामी दिनमा पनि परामर्श र शिक्षा दिँदै जाने बताएको छ । नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले अधिकांश महिलामा स्वास्थ्य सचेतना र कानुनी ज्ञान नहुँदा शारीरिक तथा मानसिक रुपमा समस्या भोग्नुपरेकाले उनीहरुलाई स्वास्थ्य परामर्शसँगै कानुनी शिक्षा प्रदान गरिएको बताइन् । उनले व्यवस्था परिवर्तन भए पनि अवस्था कस्तो छ भन्ने विषयमा महिला अनविज्ञ रहेको भन्दै उनीहरुलाई जानकारी गराउनु अहिलेको आवश्यकता रहेको औँल्याइन । उपप्रमुख थापाले महिला श्रमिकका समस्याका विषयमा नगर सरकार गम्भीर रहेको बताइन् ।

उनले न्यायिक समितिमा ज्याला नपाएको गुनासोहरु कहिले काँही आउने गरेको र समस्याको समाधान गर्दै आएको बताइन् । रामपुर नगरपालिकाले पूर्वी पाल्पा मजदुर व्यवस्थापन समितिसँग सहकार्य गरेर गत वर्ष मजदुरहरुको बिमा गरिएको जानकारी गराउँदै आगामी दिनमा पनि कार्यक्रमलाई निरन्तरता दिने बताइन् । नगर प्रवक्ता कपिलबहादुर खाँणले श्रमिक महिलाहरुलाई पेशाप्रति सम्मान गर्दै आफू कार्यरत क्षेत्रमा थप दक्षता हासिल गर्दै अघि बढ्न आग्रह गरे । महिलाहरुलाई राज्यले अधिकार सम्पन्न गरे पनि कतिपय अवस्थामा कानुनी जटिलताले कार्यान्वायनमा समस्या भएको उनको भनाई छ । प्रवक्ता खाँणले यस क्षेत्रमा काम गर्ने श्रमिकहरु जुन सुकै स्थानको भए पनि देखिएका समस्या समाधानका लागि प्रतिवद्ध भएर लाग्ने बताए । कार्यक्रममा इलाका प्रहरी कार्यालय रामपुरका प्रहरी निरीक्षक रामबहादुर नेपालीले श्रम शोषण हुन पनि नदिने र सहेर पनि नबस्ने प्रतिवद्धताका साथ अघि बढ्न आग्रह गरे । उनले महिलाहरुमा हुने हिंसा र कानुनी व्यवस्थाको बारेमा प्रशिक्षण समेत दिएका थिए । नगरपालिकाका नर्सिङ्ग अधिकृत पुनम धितालले प्रजनन् स्वास्थ्यको बारेमा जानकारी गराएकी थिइन् । त्यस्तै महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख पुजा परियारले महिलाहरुको लागि राज्यले गरेको व्यवस्थासँगै हिंसाको बारेमा जानकारी गराएकी थिइन् । कार्यक्रममा पूर्वी पाल्पा मजदुर व्यवस्थापन समितिका उपाध्यक्ष सुमन खाम्चाले महिला श्रमिकहरुको लागि कार्यक्रम आयोजना गरेकोमा नगरपालिकाप्रति आभार व्यक्त गरे । उप्रमुख बालकुमारी थापाको अध्यक्षता, कार्यपालिका सदस्य दुर्गा देवी भण्डारी गौतमको स्वागत, पार्वती परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### वुमन्स डे कप : नेपालद्वारा युगाण्डा पराजित



**काठमाडौं,** फागुन २५/युगाण्डामा जारी वुमन्स डे कप टी-२०आई प्रतियोगिताको आफ्नो दोस्रो खेलमा नेपालले रोमाञ्चक जित निकालेको छ । नेपालले घरेलु टोली युगाण्डालाई १ विकेटले हराएको हो ।

युगाण्डाले दिएको ७६ रनको लक्ष्य नेपालले १ बल बाँकी छँदा ९ विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि सना प्रवीनले १७ तथा पुजा महतोले १६ रन बनाइन् । कुनै समय ३९-२ को अवस्थामा रहेको नेपालले त्यसपछि ५०-४, ५६-५, ६८-६, ६९-७, ६९-८ हुँदै ६९ रनमै ९ विकेट गुमाएको थियो । अन्तिम ओभरमा ६ रन आवश्यक रहँदा रिया शर्मा र ईश्वरी विष्टले रन जोड्दै जित दिलाए । युगाण्डाका लागि कप्तान जानेत बाबजीले ४ ओभरमा १८ रन दिएर ३ विकेट लिइन् भने सारा वालाजाले २ विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युगाण्डाले नेपालसामू ७६ रनको लक्ष्य प्रस्तुत गरेको थियो । युगाण्डाले २० ओभरमा ७ विकेट गुमाएर ७५ रन बनाएको हो । नेपालका लागि पुजा महतोले ४ ओभरमा १४ रन दिएर ३ विकेट लिइन् । कप्तान इन्दु बर्माले ४ ओभरमा ८ रन दिएर २ विकेट लिइन् । यसअघि शनिबार भएको पहिलो खेलमा नेपाल नामिबियासँग पराजित भएको थियो ।

## विश्व शान्तिको...

...यस्तै लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले त्रिपिटक पाठले लुम्बिनीको पर्यटन प्रवर्द्धनसँगै बुद्ध शिक्षालाई अन्तर्राष्ट्रियकरण गराउन महत्वपूर्ण योगदान दिएको बताए । कार्यक्रममा इन्टरनेसनल त्रिपिटक च्यान्टिङ कमिटीका संस्थापक उपासिका वाङ्मो डिक्सीले बुद्धको उपदेश लुम्बिनीमा बसेर पाठ गर्न पाउनु जीवनकै अमूल्य उपलब्धि भएको बताए । कार्यक्रममा अखिल नेपाल भिक्षु महासैका सचिव भिक्षु निग्रोध महास्थविर, लुम्बिनी होटल व्यवसायी सैका वरिष्ठ उपाध्यक्ष लीलामणि शर्मालगायतले बुद्धका उपदेश विश्वभर फैलाउन यस्ता कार्यक्रम महत्वपूर्ण हुने बताए । उक्त अवसरमा त्रिपिटक कार्यक्रमका लागि सहयोग गर्नेहरूलाई सम्मान पनि गरिएको महासैका प्रचार संयोजक भिक्षु बिमलो महास्थविरले जानकारी दिए । गौतम बुद्धले ४५ वर्षसम्म निरन्तर प्रदान गरेको ज्ञान एवं धर्म देशनाको त्रिपिटकमा सग्रहित गरिएको छ । त्रिपिटक पाठ समारोहमा भिक्षु भिक्षुणी, लामा, आनी, उपासक उपासिकासहित चार सय बढीको सहभागिता थियो । *-रासस*

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा ४६ अंकको गिरावट



**पाल्पा, फागुन २५**/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट आएको छ । आइतबार नेप्से परिसूचक ४६ दशमलव ३३ अंकले घटेर दुई हजार सात सय ७२ दशमलव १० को विन्दुमा झरेको हो ।

तीन सय १५ कम्पनीको दुई करोड २७ लाख २६ हजार दुई सय ८३ कित्ता शेयर एक लाख १२ हजार तीन सय ४७ पटक खरिद बिक्री हुँदा १० अर्ब नौ करोड ३६ लाख ५४ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सोही अवधिमा कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ । बैंकिङ एक दशमलव ३६, विकास बैंक एक दशमलव ७१, वित्त एक दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ८३, जलविद्युत् एक दशमलव ६६ र लगानी दुई दशमलव ४९ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बीमा एक दशमलव ७४, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९१, लघुवित्त एक दशमलव ५८, म्युचुअल फन्ड एक दशमलव ०४, निर्जीवन बिमा एक दशमलव २६, व्यापार शून्य दशमलव ८१ र अन्य समूह दुई दशमलव ६९ प्रतिशतले घटेको छ । गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र आइसीएफसी फाइनान्स लिमिडेड डिभेञ्चरको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ र उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको एक अर्ब १२ करोड ४८ लाख ४९ हजार नौ सय ६४ बराबरको १० लाख ६२ हजार दुई सय ४६ कित्ता शेयर किनबेच भएको छ । गत हप्ता आइतबार नेप्से परिसूचक बढेको भए तापनि त्यसपछि लगातार घटिरहेको छ ।


# सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेवित्तिकै विगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई